श्री सूचना प्रविधि शाखा
सूचना upload गरी जानकारी गराउनुहोला

प्रशासकीय अधिकृत

नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

# राष्ट्रिय युवा परिषद्

सानोठिमी, भक्तपुर, नेपाल

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२

प सं: ०८२/८३

च नं: ६६४

मिति: २०८३।०२।०५

ने स ११४६ अनलाथ्व ३, मंगलबार

**विषयः- प्रदेश स्तरीय स्टार्टअप व्यवसाय प्रदर्शनीका लागि आवेदन दिने म्याद थप गरिएको सम्बन्धमा।**

यस परिषद्को आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी कार्यक्रम सुदुरपश्चिम प्रदेशको धनगढी, कैलाली; लुम्बिनी प्रदेशको बुटवल, रुपन्देही; बागमती प्रदेशको हेटौडा, मकवानपुर र कोशी प्रदेशको विराटनगर, मोरङमा आयोजना हुने प्रदर्शनीका लागि प्रत्येक प्रदेशहरूमा १५/१५ वटा सूचना प्रविधि तथा स्टार्टअप व्यवसायहरू छनौट गरी प्रदर्शनी आयोजना गरिने भएकाले सम्बन्धित प्रदेशभित्र सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय दर्ता गरी व्यवसाय सञ्चालन गरिरहेका १६ वर्ष पुरा गरी ४० वर्ष ननाघेका (आवेदन दिने अन्तिम दिन सम्म) युवा व्यवसायीहरूले २०८३।०२।१४ गते रातको १२:०० बजेसम्म यस कार्यालयको Website: https://www.nyc.gov.np/ मा भएको Online form Portal system (http://form.nyc.gov.np/) मा आवेदन गर्नुहुन सूचित गरिन्छ।

| |
|---|
| प्रत्येक प्रदेशमा प्रदर्शनीका लागि छनौट हुने १५/१५ वटा व्यवसायीहरूलाई स्टल व्यवस्थापन बापत प्रति स्टल रु.१० हजार र प्रदर्शनीमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने २ वटालाई क्रमशः ४० हजार, ३० हजार, २० हजार र १०/१० हजारका दरले प्रोत्साहन रकम समेत उपलब्ध गराइनेछ। |

<u>आवश्यक कागजातहरू:-</u>

१. स्टार्टअप व्यवसाय/उधम दर्ता अनुमति पत्र। (Idea stage Startup व्यवसायी भए सम्बन्धित स्थानीय तह वा सोही स्थानीय तह जिल्लाको उद्योग/वाणिज्य संघको सिफारिश पत्र)।
२. स्टार्टअप व्यवसाय/उधमीको नेपाली नागरिकताको प्रमाणपत्र।
३. व्यवसाय/उधमको कारोबारको अन्तिम तीन महिनाको बैङ्क स्टेटमेन्ट।
४. पछिल्लो तीन वर्षको अडिट रिपोर्ट (सूचना प्रविधिसँग सम्बन्धित भए पछिल्लो एक वर्षको अडिट रिपोर्ट)।
५. आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्र।
६. स्टार्टअप व्यवसाय/उधमको बारेमा बढीमा ७ मिनेटको अडियो भिडियो।(तर Idea stage Startup व्यवसायीको हकमा बुँदा नम्बर २, ३, ४, र ५ को विवरण अनिवार्य नभएको)

नोटः- यस पूर्व युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीका लागि आवेदन माग भए अनुसार पर्न आएका आवेदनहरूलाई कायमै राखिएको व्यहोरा अनुरोध छ। उपर्युक्त कार्यक्रमहरू हुने मिति र स्थान व्यवसायी छनौटको संक्षिप्त सूची प्रकाशन हुँदा सूचना गरिनेछ। विस्तृत जानकारीका लागि फोन नम्बर ९८४५४७१८५२/९८६३४६५५५६ तथा फर्म भर्दा कुनै समस्या आएमा प्रविधिक सहयोगका लागि ९८४९३२५००९ मा सम्पर्क राख्नुहुन समेत अनुरोध छ।

गेहनाथ गौतम
प्रशासकीय प्रमुख

आमचोक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दर्ता नं. १२९५
मिति २०८३/०२/०६